IME LiFE

*Ensuring Future*

# सबैको चाहना, हरेक पुस्तामा सुरक्षाको भावना
# आइएमई लाइफको सवल जीवन बीमा योजना

## बीमालेखका सुविधाहरु

१. प्रस्तावकको ईच्छा अनुसार तीन, चार वा पाँच वर्षसम्म बीमाशुल्क भुक्तानी गर्न सकिने ।
२. वार्षिक रुपमा अवधिभर किस्ता तिरिरहनुपर्ने बाध्यता नरहने ।
३. योजना अवधिभर बीमितले वित्तीय सुरक्षा पाउने ।
४. बीमालेख धितोमा कर्जा सुविधा प्राप्त गर्न सकिने ।
५. आयकर छुट सम्बन्धी लाभ लिन सकिने ।

IME LiFE
सवल
जीवन बीमा योजना



977-14024071 www.imelifeinsurance.com

# बीमालेखका विशेषताहरु:

## आइएमई सवल (सिमित भुक्तानी सावधिक) जीवन बीमा योजना
(Limited Payment Endowment Plan) **बोनस सहित ।**

### विवरण:

| | |
|---|---|
| १. न्यूनतम प्रवेश उमेर : | १८ वर्ष (नजिकको जन्मदिन) |
| २. अधिकतम प्रवेश उमेर : | ६० वर्ष (नजिकको जन्मदिन) |
| ३. बीमा अवधि : | १०, १५, २० वर्ष |
| ४. न्यूनतम उमेर परिपक्वतामा : | २३ वर्ष (नजिकको जन्मदिन) |
| ५. अधिकतम उमेर परिपक्वतामा : | ७० वर्ष (नजिकको जन्मदिन) |
| ६. न्यूनतम बीमाङ्क रकम : | रु. ५०,०००/- |
| ७. अधिकतम बीमाङ्क रकम : | आयस्रोतको आधारमा । |
| ८. बीमाशुल्क भुक्तानी अवधि : | बीमा अवधिको आधारमा निम्नानुसार हुनेछ : |

| बीमा अवधि (वर्ष) | बीमाशुल्क भुक्तानी अवधि (वर्ष) |
|---|---|
| १० | ३, ४, ५ |
| १५ | ३, ४, ५ |
| २० | ३, ४, ५ |

९. बीमाशुल्क भुक्तानी तरिका : वार्षिक, अर्धवार्षिक, त्रैमासिक

१०. ठूलो बीमाङ्कमा छुट :

| बीमाङ्क रकम | प्रदान गरिने छुट (प्रति हजारमा) |
|---|---|
| रु. २००,०००/- सम्म | छुट छैन । |
| रु. २१०,०००/- देखि रु. ५००,०००/- | रु. १/- |
| रु. ५१०,०००/- र सो भन्दा माथि | रु. २/- |

(बीमाङ्क रु.१०,००० गुणाङ्कमा हुनुपर्नेछ)

११. बीमाशुल्क भुक्तानी तरिकाको आधारमा निम्न बमोजिम बीमाशुल्क छुट प्रदान गरिनेछ ।

| | |
|---|---|
| वार्षिकमा | छुट : २% |
| अर्धवार्षिकमा | छुट : १% |
| त्रैमासिकमा : | कुनै थप/छुट छैन । |

१२. बीमाङ्क रकम भुक्तानी दिइने अवस्था :

क) बीमा समाप्त हुने मितिसम्म बीमित जीवित रहेमा बीमालेखको शर्तहरुको अधिनमा रही उक्त मितिमा बीमाङ्क र नियमानुसारको आर्जित बोनस रकम भुक्तानी दिईनेछ ।

ख) बीमा अवधि समाप्त हुने मिति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रहि बीमाङ्क र नियमानुसारको आर्जित बोनस एकमुष्ठ भुक्तानी दिइनेछ ।

१३. चुक्ता मूल्य/समर्पण मूल्य/कर्जा: बीमालेख अन्तर्गत यी सुविधा उपलब्ध हुनेछ ।

१४. पूरक करार सुविधा :

(क) दुर्घटना मृत्यु लाभ (Accidental Death Benefit) : अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमितको उमेर ७० वर्ष नपुगुन्जेल सम्म बीमितको दुर्घटनाको कारणबाट शारिरीक चोटपटक लागेर १८३ दिन भित्र बीमितको मृत्यु भएमा यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम दुर्घटना मृत्यु लाभ बापत एकमुष्ठ भुक्तानी दिइनेछ ।

(ख) चालु बीमालेखमा बीमितको दुर्घटना तथा बिरामीको कारणबाट पूर्ण स्थायी असक्तता भएमा :

अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमितको उमेर ७० वर्ष नपुगुन्जेल सम्म निम्न अनुसार लिन सकिन्छ :

(१) बीमाशुल्क मिनाहा लाभ (Premium Wavier Benefit) : यस पूरक करारमा उल्लेखित बीमाङ्क बराबर मूल बीमालेख अन्तर्गत तिर्नुपर्ने बाँकी बीमाशुल्क मिनाहा हुनेछ।

(२) आम्दानी सुविधा (Income Benefit) : यस पूरक करारमा उल्लेखित बीमाङ्कको १% रकम मासिक रुपमा वा ३% रकम त्रैमासिक रुपमा बीमितलाई भुक्तानी दिइनेछ। साथै मूल बीमाङ्क रु. १० लाख सम्मको हकमा यो सुविधा ३ गुणा सम्म लिन सकिनेछ।

(ग) एकमुष्ठ भुक्तानी लाभ (Lump-Sum Benefit) : अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमितको उमेर ७० वर्ष नपुगुन्जेल सम्म बीमितको दुर्घटना तथा बिरामीको कारणबाट पूर्ण स्थायी असक्तता भएमा यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम एकमुष्ठ भुक्तानी लाभ बापत भुक्तानी दिइनेछ ।

(घ) काजक्रिया खर्च सुविधा (Funeral Expense Benefit) : अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमितको उमेर ७० वर्ष नपुगुन्जेल सम्म बीमितको मृत्यु भएमा यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम काजक्रिया खर्च बापत एकमुष्ठ भुक्तानी दिइनेछ ।

(ङ) घातक रोग (Critical Illness) : अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमितको उमेर ६५ वर्ष नपुगुन्जेल सम्म उल्लेखित घातक रोगहरु मध्ये कुनै एक रोगको पहिचान सहित आवश्यक प्रकृया पुरा गरेको अवस्थामा यस घातक रोगको बीमालेखको शर्तहरुको अधिनमा रहि न्यूनतम रु. ५० हजार देखि अधिकतम रु. ५० लाख सम्मको उपचार सुविधा एकमुष्ठ भुक्तानी दिइनेछ ।

पूरक करार सुविधाहरुको हकमा प्रति बीमित यस कम्पनीबाट जारी गरिएका सम्पुर्ण बीमालेखहरुको बीमाङ्कको जोड सहित तल उल्लेखित रकम सम्म मात्र उपलब्ध हुनेछ।




* शर्तहरु लागू हुनेछन् ।

NIA PRODUCT CODE : **NIA/LI010/2074/075/EP/0057**

IME LiFE

Ensuring Future


## IME Life Insurance Company Pvt. Ltd.

3rd floor, Hathway Complex, Lainchaur, Kathmandu

P.O. Box 740 | 977-01-4024071 | info@imelifeinsurance.com